॥ जय श्रीमुक्तिनाथ ॥

# श्रीपञ्चमहालक्ष्मी मन्दिरको परिचय

चाँगुनारायण न.पा. ५, श्रीवन, भक्तपुर



थप जानकारीकालागि स्क्यान गर्न सक्नुहुनेछ ।
सम्पर्क सूत्रः ९८४०८३७१७८, ९८५१७९८५८

## अनन्तश्रीविभूषित मुक्तिनाथपीठाधीश्वर स्वामी कमलनयनाचार्य श्रीजी महाराज (श्रीमुक्तिनाथबाबा) ज्यूको संक्षिप्त परिचय



श्रीकृष्णा गण्डकीको तटवर्ती पवित्र गाउँ धानस्वाँरा लहरे पिपल बाग्लुङमा उत्तम ब्राह्मण कुलीन विद्वद्वरेण्य पं ज्यो. श्रीमान् जयनारायण आचार्यज्यू एवं संस्कारयुक्ता ममतामयी श्रद्धेया माता श्रीमती कौशल्या देवीज्यूका पुत्र रत्नका रूपमा २०२३ ज्येष्ठ ११ गते यस धराधाममा आविर्भाव हुनुभएका श्रद्धेय श्रीमुक्तिनाथ बाबा नेपाली माटोका तीर्थहरूलाई माया गर्ने, राष्ट्र र राष्ट्रिय संस्कृतिका उपासक, आश्रम, मठ, मन्दिर, अन्नदानक्षेत्र, वेद विद्याश्रम, गुरूकुल, धर्मशाला, गोशाला, स्वास्थ्यकेन्द्र आदि धार्मिक एवं सामाजिक सेवामुखी अनेकौं संघ-संस्थाहरूका संस्थापक, प्रकाशक तथा प्रचारक हुनुहुन्छ । नेपाल आमाका वरदपुत्र, शतक्रतु विजयी, गर्गाचार्य-कुलभूषण, श्रद्धेय बाबाज्यूले वै.वा. अनन्तश्रीविभूषित श्रीश्रीनिवास मुक्तिनारायण रामानुज यतिराज षडाचार्य (श्रीश्रीधराचार्य) स्वामीज्यू महाराजका कृपाबाट श्रीसंप्रदायमा दीक्षित भई स्वाचार्य श्रीस्वामीज्यूबाट र अन्य नेपाल तथा भारतका धर्माचार्य एवं विशिष्ट विद्वान् गुरूवर्गहरूबाट साधना अनुष्ठान पूर्वक सम्पूर्ण पौरस्त्य वाङ्मयको ज्ञान हासिल गर्नु भएका श्रद्धेय श्रीस्वामीज्यू महाराज वि.सं. २०४१ सालमा प्रथम पटक श्रीदामोदर कुण्डको यात्रा गरी सोही क्षेत्रका गुफाहरूमा तपस्या गर्दै ३ महिना पछि श्रीमुक्तिनाथ आइपुग्नु भयो । ३६ दिनसम्म त्यहीँ मुक्तिनाथ मन्दिरभित्र रहेर अनुष्ठान गरी पुनः आचार्यश्रीको दर्शन गरेर जीव, प्रकृति र ईश्वरलाई बुझ्ने प्रयासमा दक्षिण भारतका दिव्य देशहरूको दर्शन गर्दै वेङ्कटाचल पर्वत, लगायत श्रीबद्रिनाथ धामका भृगुगुफा आदि कैयौं एकान्त कन्दराहरूमा कहिले सामान्य फलहार मात्र ग्रहण गरेर त कहिले जल मात्र पिएर तपस्या गर्दै अत्यन्त वैराग्यपूर्ण दिनचर्या व्यतित गर्दै जप र आराधनाबाट दुब्लो पातलो शरीर लिएर आचार्यश्रीको दर्शन गर्न जाँदा धर्म, समाज र राष्ट्रको सेवामा प्रवृत्त हुने आज्ञा पाएर वि.सं. २०४८ सालमा मुक्तिनाथको ज्वालामुखिबाट दीप लिएर त्रिवेणीधाममा अखण्डदीप प्रज्वलन गरी १२ वर्षसम्म नित्य हवन गर्ने सङ्कल्प लिई नेपालका देवस्थल, तीर्थस्थल, धार्मिक एवं पर्यटकीय स्थलहरूको विकास, प्रचार-प्रसार तथा पौरस्त्य वाङ्मयको पुनर्जागरण गर्ने उद्देश्यले विभिन्न समयमा नेपालका देवस्थल तीर्थस्थल तथा प्रमुख सहरहरूमा पञ्चमहायज्ञ, सप्तमहायज्ञ एवं १०८ ठाँउमा श्रीविश्वशान्ति मुक्तिनाथ १०८ विराट् महायज्ञ गरी विभिन्न समयमा पर्यावरण संरक्षणको जनचेतना अभिवृद्धि गर्दै पवित्र देवनदीहरूको सम्मान र संरक्षणका निम्ति जनजागरणका धार्मिक कार्यहरू व्यापक रूपमा गर्न थाल्नु भयो । यस कार्यलाई संस्थागत रूपमा अगाडि बढाउनु पर्ने महसुस गरी २०५७ सालमा राष्ट्रका विशिष्ठ व्यक्तित्वहरूलाई साथमा लिई

'अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटवल ट्रष्ट" एवं "नेपाल तीर्थस्थल विकास राष्ट्रिय समिति" दर्ता गरी संस्थागत रूपमा कार्य अगाडि बढाउनुभयो ।

श्रद्धेय स्वामीज्यू महाराजबाट मुस्ताङ जस्तो हिमालपारिको जिल्ला भनेर चिनिने नेपालको अति विकट क्षेत्रमा साधन, श्रोत र तत्कालीन देशको वातावरण सहज नहुँदा पनि मुक्तिक्षेत्रको दर्शनका लागि आउने तीर्थयात्रीहरूको स्वास्थ्य र सुविधाका लागि स्वास्थ्यचौकी, निःशुल्क आवास र भोजनसहितको अन्नदानक्षेत्र, धर्मशालाआदि सञ्चालन गर्नुभयो । जुन पुनित कार्यबाट लाखौं जनसमुदाय लाभान्वित भइरहेको छ ।

वैदिक वाङ्मय, संस्कृत शिक्षाको संरक्षणार्थ विभिन्न स्थानमा वेदविद्याश्रम, कन्या गुरूकुलम् आदिको स्थापना गरी सञ्चालन गर्नुभएको छ । यसरी धार्मिक, आध्यात्मिक तथा सामाजिक कार्यका माध्यमबाट राष्ट्र र समाजको सेवा तथा वैदिक सनातन धर्मको रक्षामा समर्पित श्रीस्वामीज्यू महाराज वर्तमान समयमा राष्ट्रकै एक विशिष्ट धर्मसंवाहक, शिक्षा संवाहक, सेवा संवाहक, स्वास्थ्य संवाहक र मातृशक्ति उत्थापकका रूपमा परिचित हुनुहुन्छ ।

वि.सं. २०५४ मा श्रीमुक्तिनाथ धाममा तथा वि.सं. २०५६ सालमा नेपालका आचार्य विद्वद्समाजबाट श्रीमुक्तिनाथ महोत्सवका अवसरमा श्रीमुक्तिनाथपीठाधीश्वरको रूपमा महाभिषेक, पुनः २०५७ सालमा भारतको इलाहवादमा सम्पन्न कुम्भ मेलामा आयोजित नेपाल भारतका प्रसिद्ध जगद्गुरू, सन्त महन्त, महापुरूषहरू सम्मिलित धर्मसभाद्वारा मुक्तिनाथ पीठाधीश्वरको रूपमा पट्टाभिषेक गरिएको थियो ।

नेपाल भारतका विभिन्न विशिष्ट संघ-संस्थाहरू, नागरिक समाज, विद्वत्समाज आदिबाट विविध समयमा हजारौं सम्मान, अभिनन्दन तथा पुरस्कारहरूबाट श्रद्धेय श्रीमुक्तिनाथबाबाज्यू सम्मानित हुनुहुन्छ ।

## विश्वकै एकमात्र श्रीपञ्चमहालक्ष्मी श्रीपीठ

विभिन्न कालखण्डमा अवतरित महापुरूषहरूले तत्कालीन सामाजिक परिवेश अनुरूप साधना र आराधनाका पद्धतिहरूको पवर्धन गर्दै आएको पाइन्छ । यही परम्पराको निरन्तरता श्रद्धेय श्रीस्वामीज्यू महाराजबाट पनि भयो । आफू ऐकान्तिक साधना र आरधना गर्ने क्रममा श्रीपञ्चमहालक्ष्मीको साक्षात्कार भएपछि आन्तरिक शान्ति, मनमा प्रसन्नता र सधैं समाज सेवाको भावना, जोस जाँगर बढ्दै जानु जस्ता असामान्य परिवर्तन आफूमा पाएपछि माता श्रीपञ्चमहालक्ष्मीको आराधनालाई सर्वसुलभ गराउने भाव जागृत भयो । साधना एक्लै गर्दाभन्दा सामूहिक रूपमा मन्त्रोचारण पूर्वकगर्दा सकारात्मक भाव वृद्धि भई शरीर र मनमा परम शान्तिको अनुभव छिट्टै हुने हुनाले वि.सं. २०५४ सालदेखि सामूहिक रूपमा श्रीपञ्चमहालक्ष्मी आराधना शुभारम्भ गर्नुभयो । सो सामुहिक आराधना चिरकालसम्म सञ्चालन होस् भन्ने उद्देश्यलाई हृदयङ्गम गर्दै देवदेश श्रीनेपालको राजधानी काठमाडौंदेखि पूर्वदक्षिण भेग श्रीशालीनदी र श्रीदेवनदीको पवित्र संगमस्थल श्रीस्वस्थानी व्रतकथाको

उद्गमस्थल एवं रत्नचूड, मणिचूड र दोलागिरिको त्रिकोणात्मक संगम छायाँवस्ती साबिक छालिङ ९, हाल चा.न. ५, श्रीवन भक्तपुरको सामाजिक विकास गर्दै विश्वकै पहिलो श्रीपञ्चमहालक्ष्मीको मन्दिर निर्माण र स्वयं प्रकट शालग्राम भगवान्को उत्पत्ति भएको पावन भूमिमा नेपाल आमा मन्दिरको निर्माण पनि श्रद्धेय श्रीमुक्तिनाथबाबाज्यूबाटै सम्पन्न भएको छ ।

पञ्चश्रीका अनन्य उपासक श्रीस्वामीज्यूले पञ्चमहालक्ष्मीका कृपाबिना सुन्दर मनुष्य जीवन सफल नहुने बताउनु हुन्छ । पञ्चश्रीकै प्रेरणाबाट विभिन्न धार्मिक आध्यात्मिक अनुष्ठान, महायज्ञ तथा सामाजिक कार्यक्रमहरू सम्पादन भईरहेका छन् । जुन सत्कर्मका माध्यमबाट लाखौं भक्तजनहरू लाभान्वित भइसकेका छन् । त्यस्तै श्रीवनमा श्रीपञ्चमहालक्ष्मीको आगमनमा निमित्त भयो विश्वशान्ति नववर्ष शुभकामना महायज्ञ २०५७ ।

२०५७ साल वैशाख ५ गतेदेखि ११ गतेसम्म विश्वशान्तिको कामनाका साथ पशुपतिक्षेत्रमा आयोजित नववर्ष शुभकामना महायज्ञबाट नै श्रीमुक्तिनाथबाबाज्यूले श्रद्धालु भक्तजनसमक्ष श्रीपञ्चमहालक्ष्मीको दर्शन एवं शास्त्रीय पूजा विधान प्रवर्तन गराउनुभयो । महायज्ञमा स्थापित श्रीपञ्चमहालक्ष्मीका दर्शन र वैदिक शास्त्रीय विधिका आराधनाले भक्तजनहरू प्रफुल्लित भएका थिए । मण्डपमा स्थापित पञ्चमहालक्ष्मी स्थापनाका लागि आह्वान गर्दा महायज्ञको अन्तिम दिन विराटसभाका अवसरमा भक्तपुर छालिङका श्री वलराम कटुवाल श्रीमती दिलकुमारी कटुवालले श्रीपञ्चमहालक्ष्मी मन्दिर निर्माणार्थ चार रोपनी जग्गा प्रदान गर्नुभयो । सोही स्थानमा नै श्रीपञ्चमहालक्ष्मी माताको श्रीमन्दिर निर्माण गर्ने संकल्प स्वामीज्यू महाराजबाट भयो ।

श्रीवन भौगोलिक तथा प्राकृतिक दृष्टिकोणले जति मनोहर छ, शास्त्रीय दृष्टिकोणले पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ । विविध महत्व रहेको यो स्थान बत्ति मुनिको अँध्यारोको अवस्थामा रहेको थियो । जब स्वामीज्यू महाराजको यस स्थानमा पादार्पण भयो, श्रीस्वामीज्यू महाराजका सत्संकल्पमा महान् कार्यक्रमहरू सम्पन्न भए, यसका साथै त्यसै सन्निधिमा श्रीशालग्राभ भगवान् को प्राकट्य र श्रीपञ्चमहालक्ष्मी सहित भगवान् श्रीमुक्तिनाथको प्राण–प्रतिष्ठाले अत्यन्तै पवित्रतम बनेको छ । श्रद्धेय स्वामीज्यूप्रति आस्थावान् गैर आवासीय नेपाली समाज तथा नेपाल र विश्वभर छरिएर रहेका वैदिक समाजबाट श्रीमन्दिर निर्माणका लागि सहयोग राशि जुटेको थियो । साथै साबिक छालिङ गा.वि.स. र आसपासका क्षेत्र ईटाखेल, वागेश्वरी, चाँगुनारायण र नगरकोटका स्थानीय समाजसेवी, जनसमुदाय र भक्तजनहरू लगायत सरकारी, गैरसरकारी तथा स्थानीय संघसंस्थाहरूको सहयोग र सद्भाव पनि जुटेको थियो ।

विश्वको नै पहिलो श्रीपञ्चमहालक्ष्मी मन्दिरको स्थापना हुनु तपोभूमि नेपालकै लागि गौरवको कुरा हो । विश्वमा नै विद्यमान व्याप्त रोग, भोग, शोक, सन्ताप, अशान्ति र अज्ञानताले ग्रस्त समस्त मानव मात्रलाई श्रीपञ्चमहालक्ष्ममाताको आराधना, मन्त्रदीक्षा,

जप अनुष्ठानद्वारा सुख, सम्बृद्धि र शान्तिमार्गमा अभिप्रेरित गराई मानव जीवनमा आमूल परिवर्तन गराउने श्रीमुक्तिनाथबाबाज्यूको सदिच्छा रहेको छ । साथै जीवमात्रका बीचमा आपसी मैत्री, सद्भाव, सुख, शान्ति, आयु, आरोग्यता एवं राष्ट्रकै श्रीवृद्धि गराउने यो नेपालीहरूको साझा श्रीमन्दिर राष्ट्रिय गरिमाको रूपमा निर्माण भएकोले समस्त सनातन धर्मावलम्वीहरूलाई धन-धान्यदात्री श्रीपञ्चमहालक्ष्मीमाताको दर्शन आराधनाबाट कृपा प्राप्त भई सुख, शान्ति र राष्ट्रको आर्थिक सम्वृद्धिमा श्रीवृद्धि होस् भन्ने श्रीमुक्तिनाथ बाबाज्यूको कामना रहेको छ ।

**श्रीपञ्चमहालक्ष्मी माताको महिमा :**

यत्रास्ति भोगो न च तत्र मोक्षः यत्रास्ति मोक्षो न च तत्र भोगः ।
श्रीपञ्चलक्ष्मीपदसेवकानां भोगश्च मोक्षश्च करस्थ एवः॥

अर्थात् जसको आराधनाबाट भोग प्राप्त हुन्छ त्यहाँबाट मोक्ष प्राप्त हुँदैन, जसको आराधनाबाट मोक्ष प्राप्त हुन्छ त्यहाँबाट भोग प्राप्त हुँदैन । तर श्रीपञ्चमहालक्ष्मीको आराधनाबाट ऐहलौकिक सुख-सुविधा र पारलौकिक मोक्ष पनि सहज छ ।

**भिन्न भिन्न रूपमा श्रीपञ्चमहालक्ष्मी माताको महिमा र विशेषता निम्न अनुसार रहेकोछ :**

**श्रीमहालक्ष्मी**



जगत्का समस्त प्राणीहरूको पालन पोषण गर्ने, सबै सिद्धि एवं निधिहरूकी अधिष्ठात्री साक्षात् नारायणी जगज्जननी श्रीमहालक्ष्मीको विधिवत् पूजा आराधनाले साधकका पूर्वजन्मका अशुभ संस्कार पाप कर्म एवं जीवनका विविध कष्ट असफलता आदि नाश भई भाग्यको उदय, उत्साह, उमङ्ग, जोश, जाँगर, खुशियाली आदि सुखानुभूतिहरू प्राप्त हुन्छन् । श्रीमहालक्ष्मी माताको कृपादृष्टि प्राप्त साधकका लागि सुख शान्ति र आनन्द प्राप्तिका निमित्त श्रीसम्पल्लक्ष्मीको आराधना गर्नुपर्दछ ।

**श्रीसम्पत्लक्ष्मी (सम्पल्लक्ष्मी)**



जगत्का समस्त धनधान्य आदि पदार्थकी अधिष्ठात्री देवी श्रीसम्पल्लक्ष्मी हुनुहुन्छ । श्रीसम्पल्लक्ष्मीको विधिवत् पूजा आराधनाले साधकलाई प्रशस्त धनसम्पत्ति प्राप्त हुन्छ । प्राप्त सम्पत्तिको दीगो सुस्थिरता हुनुका साथै जीवनमा कुनै पनि प्रकारका वस्तुहरूको अभाव रहँदैन । श्रीसम्पल्लक्ष्मीको सम्मान गर्दै प्राप्त श्रीसम्पत्तिको सदुपयोग गरे मात्र साधकले श्रीभोगलक्ष्मीको कृपादृष्टि प्राप्त गर्दछ ।

## श्रीभोगलक्ष्मी



श्रीसम्पल्लक्ष्मीका कृपाबाट प्राप्त सम्पत्तिको सदुपयोग गर्ने शक्ति, तुष्टि-पुष्टि, आयु-आरोग्य, चीरस्थिर, सुख श्रीसंवृद्धिकी अधिष्ठात्री देवी श्रीभोगलक्ष्मी हुनुहुन्छ । अथाह श्रीसम्पत्तिको प्राप्ति भएपनि यदि भोगलक्ष्मीको कृपा भएन भने शारीरिक मानसिक अस्वस्थताका कारण त्यस सम्पत्तिको सदुपयोग र सदुपभोग गर्न नसकिने हुँदा साधकका लागि श्रीभोगलक्ष्मीको आराधना अपरिहार्य छ । श्रीभोगलक्ष्मीको कृपाबाट आयु आरोग्यपूर्ण जीवनको सफलताका लागि श्रीज्ञानलक्ष्मी माताको आराधना आवश्यक छ ।

## श्रीज्ञानलक्ष्मी



भौतिक, दैविक एवं आध्यात्मिक, विद्या, कला, कौशल, बुद्धि, विवेक आदि समस्त ज्ञानकी अधिष्ठात्री देवी श्रीज्ञानलक्ष्मी माता हुनुहुन्छ । 'ऋते ज्ञानान्नमुक्ति' यस वचन अनुसार सांसारिक दुःख जञ्जालबाट छुट्कारा पाउनका लागि र सांसारिक व्यावहारिक पारमार्थिक ज्ञानका लागि पनि श्रीज्ञानलक्ष्मी माताको आराधना अपरिहार्य छ । 'न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।' श्रीगीतामा भगवान्को यस श्रीवचन अनुसार संसारकै अति पवित्र वस्तु ज्ञान हो । ज्ञानकी अधिष्ठात्री देवी श्रीज्ञानलक्ष्मी माताको उपासनाबाट धर्म, अर्थ, काम, मोक्ष, चतुर्विध पुरूषार्थको ज्ञान प्राप्त हुन्छ । भौतिक एवं आध्यात्मिक ज्ञानले परिपूर्ण साधकका लागि जीवनको अन्तिम पुरूषार्थ मोक्ष प्राप्तिका निमित्त श्रीमोक्षलक्ष्मी माताको आराधना परम आवश्यक छ ।

## श्रीमोक्षलक्ष्मी



समस्त जीवहरूको कल्याणका लागि दयार्द्रचित्त भएकी ममतामयी वात्सल्यमयी आफ्ना सन्तति जीवात्माहरूलाई मोक्ष प्राप्त गराउने उपाय-स्वरूप श्रीमोक्षलक्ष्मी हुनुहुन्छ । 'पुनरपि जननं पुनरपि मरणम्' यस वचन अनुसार जन्ममरणरूप संसार चक्रबाट सदाका लागि छुट्कारा पाएर धर्म, अर्थ, काम, मोक्षरूप जीवनका चार पुरूषार्थ मध्ये अन्तिम सर्वोत्कृष्ट पुरूषार्थ मोक्षपद हो । 'यद् गत्वा न निवर्तन्ते तद्धाम परमं मम' गीताचार्य भगवान्को श्रीवचन अनुसार जहाँ गएर फेरी फर्कनु पर्दैन, साधकले दयासागर भगवान् श्रीमुक्तिनाथको त्यो दिव्यधाम अर्थात् परमपद प्राप्त गर्दछ ।

## स्वयं प्रकट शालग्राम भगवान्



विश्वमै शालग्राम पाइने एकमात्र देश नेपाल भूमिमा श्रीपञ्चमहालक्ष्मी मन्दिरको स्थापना पश्चात् २०६६ साल श्रावण १३ गते दिउँसो २ बजेर ५ मिनेटका समयमा काठमाडौं जिल्ला साबिक पालुवारी सुनटोल गा.वि.स. वडा नं. ८ इँटाखेल चौर हाल शंखरापुर न.पा. ५ पवित्र शालीनदीको तट साँखुमा नरम पत्थरको आवरण भित्रबाट सुवर्णमय शालग्राम स्वरूप श्रीमुक्तिनाथ भगवान् स्वयं प्रकट हुनुभयो । उक्त स्थानमा २०६६ साल आश्विन ३ गतेदेखि ३१ गतेसम्म हजारौं भक्तजनहरूको सहभागितामा श्रीशालग्राम पूजनोत्सव महायज्ञ सम्पन्न गरी अन्तिम दिन १००८ कलशमा पायस (खीर) समर्पण गर्ने कार्य सम्पन्न भएको थियो । अहिले स्वयंप्रकट शालग्राम भगवान्लाई नेपालआमा मन्दिरको गर्भगृहमा स्थापित गरिएको छ ।

## श्रीपञ्चमहालक्ष्मी कामधेनु गोशाला:-



'गावो विश्वस्य मातर: ।' वेदमा गाईलाई विश्वकै माताको रूपमा स्वीकार गरिएको छ । वराहपुराण अनुसार प्राचीनकालमा गण्डकी क्षेत्रका महर्षि शालङ्कायनको आज्ञा अनुसार शिष्य आमुष्यायणले वृन्दावनमा रहेका भगवान् श्रीकृष्णका पनि आराध्य हजारौं गौमातालाई ल्याई सेवा गरेका थिए ।

गाईमा सम्पूर्ण देवताहरूको निवास हुने भएकाले गाईको सेवाबाट मात्रै सम्पूर्ण देवताहरूको पूजा गरेको फल प्राप्त हुन्छ । गोमुत्रबाट विभिन्न प्रकारका रोगको निदान हुने कुरा आयुर्वेदमा व्याख्या गरिएको छ, जसको प्रयोग गर्न सके स्वस्थ रहन सक्छौं । प्राचीन कालमा महर्षिहरूले आश्रममा अध्ययन गर्ने शिष्यहरूलाई गोसेवा गर्न पठाउँदथे र उनीहरूले गोसेवाबाट नै चौसट्ठी कला ज्ञान प्राप्त गर्दथे भन्ने कुरा पुराणादिमा व्याख्या गरिएको छ । इहलोकमा प्रशस्त लाभ प्राप्त हुनुका साथै मोक्षपद पनि गोसेवाबाटै प्राप्त हुन्छ ।

परन्तु वर्तमान समयमा बढिरहेको विकृति, गोवंशको अपहेलना आदि कार्यलाई रोक्न व्यापक जनचेतनाको आवश्यकता देखेरे श्रद्धेय बाबाज्यूबाट समय-समयमा विशाल गोसंरक्षण महायज्ञ सम्पन्न भएको थियो । हामी हिन्दुधर्मावलम्बीहरूलाई जन्मदेखि मृत्युपर्यन्त गाईको आवश्यकता पर्दछ अत: वि.स. २०५८ सालमा श्रीपञ्चमहालक्ष्मी कामधेनु गोशालाको स्थापना अक्षुण्ण गरी गाईहरूको सेवा भइरहेको छ ।

**श्रीभाष्यकार रामानुज मन्दिरः-**



श्रुतिपरम्परामा रहेर प्रस्थानत्रयी (भगवद्गीता, उपनिषद्, ब्रह्मसूत्र) को भाष्य मार्फत विशिष्टाद्वैत सिद्धान्तलाई लोकसुलभ बनाउने महान् आचार्य भगवद्पादीय शेषावतार भाष्यकार रामानुजाचार्य स्वामीज्यूको भव्य श्रीविग्रह रहेको यस अल्वार निलयम् पूर्ण रूपमा दाक्षिणात्य शैलीमा बनेको छ । मन्दिरमा श्रीरामानुज स्वामीज्यूका अतिरिक्त उहाँका पाँच मुख्य शिष्य मध्ये दासरथी कुरेश आदिको समेत मूर्ति स्थापित गरिएको छ । श्रीरामानुज स्वामीज्यूका आचार्यहरूको विग्रह समेत स्थापित छ ।

**हयग्रीव गुफा (सिंहद्वार)ः-**



करिव १०० मिटर लम्बाई रहेको यस गुफाको मुख्यद्वार सिंहको मुखको आकृतिमा बनेको छ । त्यसैले यसलाई सिंहद्वार भनिन्छ । गुफाको गन्तव्यमा विद्याकी अधीष्ठात्री देवी सरस्वती र विद्याका (वेदका/अधिष्ठाता) हयग्रीव भगवानको श्रीविग्रह मूर्ति रहेकोले यस गुफालाई हयग्रीव गुफा वा विद्याद्वार समेत भनिने गरेको छ । गुफा भित्र नवग्रहहरूको मूर्ति सँगै पूर्वीय दर्शनका महान्तम व्यक्तित्व आदिकाव्य श्रीमद्वाल्मीकिय रामायणका रचयिता आदिकवि वाल्मीकिजी र वेदका विभाजन कर्ता १८ पुराण, १८ उपपुराण, महाभारत आदि ग्रन्थहरूका रचयिता महर्षि वेदव्यासजीको मूर्तिका साथै भक्तप्रल्हाद र ध्रुवजीको समेत मूर्ति रहेको छ । विभिन्न कलाकृतिले मनमोहक देखिने यस गुफामा स्थापित देवी देवताहरूको दर्शन गर्नाले पढाईमा रूचि बढ्ने र मेधा(बुद्धि) शक्ति बढ्ने जन विश्वास रही आएको छ ।

**शीशमहलः-**



नेपाली प्यागोडा शैलीमा बनेको यस शीशमहल यहाँ आउने धार्मिक पर्यटकहरूकालागि आकर्षक रहेको छ । शीशमहलको भित्री परिक्रमाको चार कोणमा श्रीमहालक्ष्मी, श्रीसम्पल्ललक्ष्मी, श्रीभोगलक्ष्मी, श्रीज्ञानलक्ष्मीको श्रीविग्रह रहेको छ भने भित्री गर्भगृहमा श्रीमोक्षलक्ष्मीको सुन्दर मूर्ति स्थापित छ ।

**हवन कुण्डः-**



धर्म शास्त्रमा वर्णन भए अनुरूप निर्माण भएको यस हवन कुण्डमा १६ वटा काठ र फलामका स्तम्भहरू छन भने प्यागोडा शैलीमा बनेको यस हवन कुण्डको ३ वटै शीखर तामाको रहेको छ । भगवान्का नित्य उत्सव, मासिक उत्सव र वार्षिक उत्सवहरूमा

हवन हुने गरेकोछ । यस हवन कुण्डमा अन्य श्रद्धालु भक्तजनहरूले समेत आफ्नो सकाम देवकार्य गर्दा छिटै फल पाउने विश्वास रहेको छ ।

**श्रीमुक्तिनाथ वेदविद्याश्रमः-**

यस श्रीवनधाममा वि.सं. २०५७ सालमा निःशुल्क भोजन आवासको व्यवस्था सहितको संकृत गुरूकुल स्थापना भयो । आश्रम परिषरमा भौतिक संरचनाहरू निर्माण गर्ने क्रममा पढाईलाई व्यवधान हुने सम्भावना देखिएकोले वि.सं. २०६५ सालमा नवलपरासीको त्रिवेणी स्थित श्रीमुक्तिनाथ पीठवेद विद्याश्रममा छात्रहरूलाई स्थानान्तरण गरियो । पुनः विभिन्न काल खण्डमा विशिष्ट विद्वान् आचार्यहरूको उपस्थितमा २०६८ सालदेखि पुनः गुरूकुल सुचारू ढंगले सञ्चालनमाआई अहिले २० जना वटुकहरू निःशुल्क गुरूकुलीय पद्धतिमा अध्ययनरत छन् ।



**नेपाल आमा मन्दिरः-**

काठमाडौं जिल्ला शंखरापुर नगरपालिका वडा नं. ५ मा निर्माण भएको श्रीनेपाल माता मन्दिर श्रीवन धामकै हाताभित्र पर्दछ । पशुपतिनाथको सन्निधिमा वि.सं. २०७१ साल वैशाख १ गतेदेखि ९ गतेसम्म आयोजित नेपाल माता महिमा राष्ट्रिय महायज्ञ सञ्चालन गरी तत्कालीन देशका प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, न्यायधीश राज्यका विशिष्ट समाजसेवी जनहरूलाई नेपाल आमाको सुरक्षा पूर्वक सेवा गर्नु नै हरेक नागरिकको कर्तव्य हो भन्दै सम्पूर्ण उपस्थित महनीय व्यक्तिहरूलाई पूर्व-पश्चिमबाट संग्रह गरिएको तीर्थहरूको माटोको टीका लगाई नेपालको नक्सा र झण्डा प्रसादको रूपमा प्रदान गर्नुभएको थियो ।

विभिन्न समयमा गाउँ, गाउँमा गएर नेपालको महिमा नेपालका ऐतिहासिक तीर्थस्थल देवस्थानहरूको महत्वलाई जनमानसमा बोध गराउँदै आउनु भएको श्रद्धेय श्रीस्वामीज्यू महाराजले वि.सं. २०६८ सालमा तत्कालीन मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको उपस्थितिमा श्रीनेपाल आमा मन्दिरको शिलान्यास गरी मन्दिर निर्माण भएको थियो ।

**अखण्डज्योतिबाबा स्वामीश्रीजी च्यारिटेबलट्रष्टद्वारा सञ्चालित केहि मन्दिर एवं सेवाश्रमहरूः-**

१) श्रीमुक्तिनाथबाबा सेवाश्रम गोस्फुटार, काठमाडौं

२) श्रीपञ्चमहालक्ष्मी श्रीपीठ, श्रीवन छालिङ्ग-१. भक्तपुर ।

३) स्वयं प्रकट श्रीशालग्राम मन्दिर, इट्टाखेल चौर, सुन्टोल ८ काठमाडौं ।

४) श्रीगजेन्द्रमोक्षनारायण मन्दिर, गजेन्द्रमोक्ष दिव्यधाम त्रिवेणी नवलपरासी ।

५) श्रीलक्ष्मीनारायण मन्दिर, त्रिवेणीधाम, नवलपरासी ।

६) श्रीरङ्गवेङ्कटेशमुक्तिनारायण मन्दिर, कुडुले फेदी, बाग्लुङ ।

७) श्रीमुक्तिहरि राधाकृष्ण मन्दिर, गलेश्वरधाम, म्याग्दी ।

८) श्रीवेङ्कटेश मन्दिर, भद्राचल, मल्लाज पर्वत ।

९) श्रीशालग्राम गण्डकी मन्दिर, कागवेनीधाम, मुस्ताङ् ।
१०) श्रीमुक्तिनाथ सेवाश्रम, कुश्मा, पर्वत ।

**अन्नदान क्षेत्रहरु:–**

१. श्रीमुक्तिनाथ अन्नदानक्षेत्र रामघाट, पोखरा ।
२. श्रीमुक्तिनाथ अन्नदानक्षेत्र गलेश्वरधाम, म्याग्दी ।
३. श्रीमुक्तिनाथ अन्नदानक्षेत्र जोमसोम गणेश मन्दिर मुस्ताङ ।
४. श्रीमुक्तिनाथ अन्नदानक्षेत्र, कागबेनी ।
५. श्रीमुक्तिनाथ अन्नदानक्षेत्र, रानीपौवा, मुक्तिनाथधाम ।

**श्रीपञ्चमहालक्ष्मी मन्दिर नित्य भगवदाराधना (पूजा) समयरारिणी:–**

**प्रात: ५:३० बजे – मंगला आरती**
**प्रात: ५:३० देखि ७:३० सम्म नित्य आराधना पूजा**
**प्रात: ७:३० बजे बालभोग निवेदन**
**प्रात: ८:०० बजे मूल आरती**
**प्रात: ११:३० बजे – राजभोग निवेदन**
**प्रात: १२: देखि ३ बजे सम्म विश्राम**
**दिवा ३ बजे मन्दिर मंगल आरती**
**सायम: ६:१५ राजभोज निवेदन**
**साझँ ७:०० बजे आरती**
**रात्री ८:०० बजे सयन आरत**

**ज्ञातव्य: विशेष उत्सवको दिनमा समयसारिणीको क्रम तल–माथि हुन सक्छ ।**

**सेवाका प्रकल्पहरू:–**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | श्रीपञ्चमहालक्ष्मी पूजा (२४ तुलसी अर्चना) | २५५।– |
| २ | श्रीपञ्चमहालक्ष्मी विशेष पूजा (१०८ तुलसी अर्चना) | ५५५।– |
| ३ | गौमाताको १ दिनको सेवा | ५५५।– |
| ४ | आरती सेवा (एक समय) | ५५५।– |
| ५ | अखण्डदीप प्रज्वलन मूल सन्निधिमा एक दिन (२४ घण्टा) | ११५५।– |
| ६ | अखण्डदीप प्रज्वलन ३ सन्निधिमा एकदिन (२४ घण्टा) | २५५५।– |
| ७ | बालभोग सेवा (एक समय) | ५५५५।– |
| ८ | राज भोग (बटुक ब्राह्मण भोजन सेवा एकसमय) | ५५५५।– |
| ९ | गौमातालाई एक दिनको दाना पीठो सेवा | ५५५५।– |
| १० | शुभ जन्मदिनमा अष्टचिरञ्जिवी पूजा आराधाना सेवा | ५५५५।– |
| ११ | श्रीपञ्चमहालक्ष्मी समेत श्रीमुक्तिनाथ भगवान्को आरती, आराधना, भोग एक दिनको सेवा | ५५५५।– |
| १२ | ग्रहशान्ति हेतु (विष्णुसहस्रनाम पाठपारायण ११ आवृत्ति) | ५५५५।– |
| १३ | मासिक तिरूनक्षत्रोत्सवमा भगवान्को महाभिषेक सेवा | ११५५५।– |
| १४ | अक्षय कोष स्थापनार्थ न्यूनतम सेवा | ११५५५।– |
| १५ | श्रीपञ्चमहालक्ष्मी कामधेनु गोशलामा संरक्षित गौमाताहरूको एक दिनको सेवा | ११५५५।– |
| १६ | विद्या प्राप्ति, मेधाशक्ति अभिवृद्धि हेतु मासिक (श्रीहयग्रीवस्तोत्र पाठपारायण) सेवा | १५५५५।– |
| १७ | विजय प्राप्तिहेतु मासिक (श्रीगजेन्द्रमोक्षस्तोत्र पाठपारायण) सेवा | १५५५५।– |
| १८ | मनोकामना सिद्धि हेतु मासिक (श्रीविष्णुसहस्रनाम स्तोत्र पाठपरायण) सेवा | २१५५५।– |
| १९ | एक दिनको विशेष राजभोज सेवा | २५५५५।– |